# अर्थ बुलेटिन

वर्ष ३ अंक ४

कात्तिक, २०७८

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**



## सम्पादकीय

- आर्थिक वर्ष २०७८/७९ को कात्तिकसम्म राजस्व परिचालनमा उल्लेख्य वृद्धि भएको छ। यस अवधिको संघीय सरकारको कुल खर्चमा ६.९ प्रतिशतले वृद्धि भएको छ। तर पुँजीगत खर्चको वार्षिक वृद्धिदरमा भने अपेक्षित रूपमा सुधार हुन सकेको छैन।
- वैदेशिक सहायता प्रतिवद्धता गत आर्थिक वर्षको तुलनामा न्यून रहेको छ।
- कुल वस्तु निर्यातमा उच्च वृद्धि भएको छ भने कुल वस्तु आयातमा समेत वृद्धि भएको छ। कुल वस्तु व्यापारमा निर्यातको अंश वृद्धि भएको छ तथापि आयातको आकार ठूलो भएको कारण व्यापार घाटा बढेको छ।
- आर्थिक पुनरूत्थानले गति लिएसँगै कम्पनी दर्ताको सङ्ख्यामा पनि वृद्धि भएको छ।
- विप्रेषण आप्रवाहमा कमी आएको छ। चालु खाता र शोधनान्तर स्थिति दुवै घाटामा छन्। साथै विदेशी मुद्रा सञ्चितिमा समेत कमी आएको छ। समग्रमा बाह्य क्षेत्रका परिसूचकहरूमा आएको उतारचढावले बाह्य क्षेत्रमा चाप परेको छ।

**प्रकाशन तथा सम्पादन**

आर्थिक नीति विश्लेषण महाशाखा

सिंहदरवार, काठमाडौं

## मुलुकको वर्तमान आर्थिक परिदृष्य

### संघीय सरकारी खर्च

१. आर्थिक वर्ष २०७८/७९ को कात्तिक महिनासम्म संघीय सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको कुल खर्च रू. २ खर्ब ६९ अर्ब ७ करोडको तुलनामा ६.९ प्रतिशतले वृद्धि भई रू. २ खर्ब ८७ अर्ब ५४ करोड पुगेको छ। कुल खर्च मध्ये चालु खर्च रू. २ खर्ब ३३ अर्ब ५१ करोड, पुँजीगत खर्च रू. २० अर्ब ७९ करोड र वित्तीय व्यवस्था तर्फ रू. ३३ अर्ब २४ करोड रहेको छ। यस अवधिको चालु खर्चमा १.५ प्रतिशतले वृद्धि भएको छ भने पुँजीगत खर्चमा २९.४ प्रतिशतले कमी आएको छ। वित्तीय व्यवस्था तर्फको खर्चमा उल्लेख्य वृद्धि भएको छ।

**तालिका (क): पछिल्लो ५ वर्षको कात्तिक महिनासम्मको खर्चको स्थिति (रू. करोडमा)**

| विवरण/आ.व. | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|---|
| चालु | १८४५२.८३ | २०३८०.६७ | १९६९०.६७ | २३०१२.२० | २३३५०.७९ |
| पूजीगत | २१६१.६७ | २९८५.२१ | २४८३.५५ | २९४४.५२ | २०७९.२१ |
| वित्तीय व्यवस्था | ७९९.७६ | ११११.४९ | ४२७.३५ | ९५०.३१ | ३३२३.९२ |
| कुल खर्च | २१४१४.२६ | २४४७७.३७ | २२६०१.५७ | २६९०७.०३ | २८७५३.९२ |

स्रोत: अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

२. चालु आर्थिक वर्षको पहिलो चार महिनाको कुल संघीय सरकारी खर्चमा असोज महिनामा खर्च प्रतिशत सबैभन्दा बढी ५०.३ प्रतिशत र साउन महिनामा सबैभन्दा कम ३.७ प्रतिशत रहेको छ ।

**तालिका (ख): चालु आर्थिक वर्षको संघीय सरकारी खर्चको मासिक विवरण (रू. करोडमा)**

| महिना | चालु खर्च | पुँजीगत खर्च | वित्तीय व्यवस्था | कुल खर्च | खर्च भार |
|---|---|---|---|---|---|
| साउन | ९५५.७५ | ९३.५ | ० | १०४९.२५ | ०.०३६ |
| भदौ | ४९०३.७३ | १६७.३७ | २८७३.२३ | ७९४४.३३ | ०.२७६ |
| असोज | १२७९२.८६ | १२२८.०६ | ४३७.८७ | १४४५८.७९ | ०.५०३ |
| कात्तिक | ४६९८.४५ | ५९०.२८ | १२.८२ | ५३०१.५५ | ०.१८४ |
| जम्मा | २३३५०.७९ | २०७९.२१ | ३३२३.९२ | २८७५३.९२ | १ |

स्रोत: अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय

### राजस्व परिचालन

३. आर्थिक वर्ष २०७८/७९ को कात्तिक महिनासम्म संघीय सरकारको कुल राजस्व गत आर्थिक वर्षको सोही अवधिको कुल राजस्व रू. २ खर्ब ४० अर्ब १५ करोडको तुलनामा ३९.२ प्रतिशतले वृद्धि भई रू. ३ खर्ब ३४ अर्ब ३१ करोड पुगेको छ। कुल राजस्वमा कर राजस्व रू. ३ खर्ब ५ अर्ब ४० करोड र गैरकर राजस्व रू. २८ अर्ब ५१ करोड रहेको छ। साथै यस अवधिमा अन्य प्राप्ति सहित कुल प्राप्ति रू. ३ खर्ब ६२ अर्ब ५८ करोड सङ्कलन भएको छ।

**तालिका (ग): पछिल्लो ५ आर्थिक वर्षको पहिलो चार महिनाको राजस्व परिचालनको स्थिति (रू. करोडमा)**

| क.सं./ आ.व. | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|---|
| कर | १७६३४.८ | २२९७०.८ | २३२२३.५५ | २२६०३.९३ | ३०५३९.८५ |
| गैर कर | १९०७.७६ | २४२५.८९ | १५५६.८६ | १४११.३५ | २८९१.५४ |
| कुल राजस्व | १९५४२.५६ | २५३९६.६९ | २४७८०.४१ | २४०१५.२८ | ३३४३१.३९ |

स्रोत: अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

**तालिका (घ): पछिल्लो दुई आर्थिक वर्षको कात्तिकसम्मको राजस्व असुलीको विवरण** **(रू. करोडमा)**


| कर शीर्षक | आ.व. २०७८/७९ वार्षिक लक्ष्य | आ.व. २०७७/७८ को असुली | आ.व.२०७८/७९ को लक्ष्य | आ.व.२०७८/७९ को असूली | कात्तिकसम्मको लक्ष्यको तुलनामा असूली प्रतिशत | वार्षिक विन्दुगत प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|
| **भन्सार महशुल** | **२७८९२.४०** | **६०३९.५२** | **८५८३.६४** | **८५३८.२३** | **९९.५** | **४१.३७** |
| **मूल्य अभिवृद्धि कर** | **३१६३६.१०** | **७८६३.६३** | **१०००६.२८** | **१०२६०.४२** | **१०२.५** | **३०.४८** |
| उत्पादन, बिक्री, सेवा | १३६६७.३१ | ३६४८.२७ | ४०८९.१२ | ३५८८.६७ | ८७.८ | -१.६३ |
| पैठारी | १७९६८.७९ | ४२१५.३६ | ५९१७.१६ | ६६७१.७५ | ११२.८ | ५८.२७ |
| **अन्तःशुल्क** | **१८२१६.७८** | **४०६७.२९** | **५२५७.६६** | **५८३४.३१** | **१११.०** | **४३.४४** |
| आन्तरिक उत्पादन | ११०७६.५० | २४५८.२२ | २६०४.१४ | ३३३७.३९ | १२८.२ | ३५.७६ |
| पैठारी | ७१४०.२८ | १६०९.०७ | २६५३.५२ | २४९६.९१ | ९४.१ | ५५.१८ |
| **शिक्षा सेवा शुल्क** | **१०१.००** | **८.३४** | **३६.३८** | **१७.९८** | **४९.४** | **११५.५२** |
| **आयकर** | **२८९४९.९६** | **४६२५.१५** | **५५९१.४१** | **५८८८.९१** | **१०५.३** | **२७.३२** |
| आयकर | २५५५०.४२ | ३५९८.६० | ४१५९.६९ | ४८८७.०१ | ११७.५ | ३५.८० |
| ब्याज कर | ३३९९.५४ | १०२६.५५ | १४३१.७२ | १००१.९० | ७०.० | -२.४० |
| **कर राजस्व जम्मा** | १०६७९६.२५ | **२२६०३.९३** | **२९४७५.३८** | **३०५३९.८५** | **१०३.६** | **३५.११** |
| **गैर कर जम्मा** | **११२६३.७९** | **१४११.३५** | **३०१८.२५** | **२८९१.५३** | **९५.८** | **१०४.८८** |
| **कूल राजस्व** | **११८०६०.०४** | **२४०१५.२८** | **३२४९३.६३** | **३३४३१.३८** | **१०२.९** | **३९.२१** |
| **अन्य प्राप्ति** | ०.०० | **२४५२.२७** | ०.०० | **२८२६.८९** | **-** | **१५.२८** |
| **जम्मा राजस्व/प्राप्ति** | **११८०६०.०४** | **२६४६७.५५** | **३२४९३.६३** | **३६२५८.२८** | **१११.६** | **३६.९९** |


स्रोतः अर्थ मन्त्रालय।

४. चालु आर्थिक वर्षको कात्तिकसम्म गत आर्थिक वर्षको सोही अवधिको तुलनामा आन्तरिक तर्फको मूल्य अभिवृद्धि कर र आय कर तर्फको ब्याजकर सङ्कलनमा केही कमी आएको छ भने अन्य सम्पूर्ण शीर्षकका कर राजस्वमा वृद्धि भएको छ।

५. चालु आर्थिक वर्षको कात्तिकसम्म कुल राजस्व सङ्कलन लक्ष्यभन्दा बढी (१०२.९ प्रतिशत) सङ्कलन भएको छ।

**चार्ट (क): पछिल्लो २ वर्षको कात्तिक महिनासम्मको सङ्कलित राजस्वको संरचना**





स्रोतः अर्थ मन्त्रालय।

६. चालु आर्थिक वर्षको पहिलो चार महिनाको कुल राजस्वमा गैर करको हिस्सा वृद्धि भएको छ भने आयकर र मूल्य अभिवृद्धि करको हिस्सा घटेको छ।

**चार्ट (ख): पछिल्लो ५ वर्षको पहिलो ४ महिनाको राजस्व सङ्कलनको प्रवृत्ति (रू. करोडमा)**




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

७. पछिल्लो पाँच आर्थिक वर्षको पहिलो चार महिनामा राजस्व परिचालनमा सामान्य उतारचढाव देखिएको छ। कोभिड -१९ को सङ्क्रमणको रोकथाम र नियन्त्रणको लागि चालिएका कदमबाट अर्थतन्त्र प्रभावित भएका कारण आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ को पहिलो चार महिनामा क्रमशः २.४ प्रतिशत र ३.१ प्रतिशतले ऋणात्मक भएको राजस्व वृद्धिदर चालु आर्थिक वर्षको सोही अवधिमा ३९.२ प्रतिशतले वृद्धि भएको छ।

## संघीय राजस्व

८. चालु आर्थिक वर्षको पहिलो चार महिनामा संघीय सरकारको राजस्व परिचालन (बाँडफाँट अघिको रोयल्टी समेत) गत आर्थिक वर्षको सोही अवधिको रू. २ खर्ब ९ अर्ब १९ करोडको तुलनामा ४०.३ प्रतिशतले वृद्धि भई रू. २ खर्ब ९३ अर्ब ५२ करोड पुगेको छ। यस अवधिमा प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व गत आर्थिक वर्षको रू. ३० अर्ब ९६ करोडको तुलनामा ३१.७ प्रतिशतले वृद्धि भई रू. ४० अर्ब ७९ करोड पुगेको छ।

## करको दायरा विस्तार

९. २०७८ कात्तिकसम्म स्थायी लेखा नम्बर लिने करदाताको कुल संख्या ४३ लाख ४८ हजार ९ सय ३७ पुगेको छ। यस अवधिमा दर्ता भएका कुल करदातामध्ये व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता करदाता २६ लाख ५२ हजार ३ सय ७७ (६१.० प्रतिशत), व्यवसायिक स्थायी लेखा नम्बर लिने १६ लाख ८४ हजार ४ सय ९७ (३८.७ प्रतिशत), र करकट्टि गर्ने निकायले लिएको स्थायी लेखा नम्बर १२ हजार ६३ (०.३ प्रतिशत) पुगेको छ। यसैगरी मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाता ३ लाख ३ हजार ९ सय २६ र अन्तःशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या २ लाख २३ हजार ४ सय २ पुगेको छ।

**तालिका (ङ): व्यक्तिगत तथा व्यवसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण**

| दर्ताको प्रकार | २०७८ असारसम्म | २०७७ कात्तिक | २०७८ कात्तिक | कात्तिकसम्मको जम्मा |
|---|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर | १५८०३८० | ७७६२१ | १०४११७ | १,६८४,४९७ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर | ९९९८ | १२३० | २०६५ | १२,०६३ |
| व्यक्तिगत स्थायी लेखा नम्बर | २४७५७५३ | १६३१३४ | १७६६२४ | २,६५२,३७७ |
| **जम्मा स्थायी लेखा नम्बर** | **४,०६६,१३१** | **२४१९८५** | **२८२८०६** | **४,३४८,९३७** |
| मू.अ.कर | २९०७१४ | १०,५२२ | १३२१२ | ३०३,९२६ |
| अन्तः शुल्क | १०४१८२ | ५,७९९ | ११९२२० | २२३,४०२ |

स्रोतः आन्तरिक राजस्व विभाग।

#स्थायी लेखा नम्बरको दर्ता खारेजीबाट कायम भएको सङ्ख्या मात्र समावेश गरिएको।

## वैदेशिक सहयोग तथा सार्वजनिक ऋण

१०. आर्थिक वर्ष २०७८/७९ को पहिलो चार महिनामा वैदेशिक सहायता प्रतिवद्धता गत आर्थिक वर्षको तुलनामा ३८.२ प्रतिशतले कमी आई रू. ५५ अर्ब ९४ करोड रहेको छ। यसमध्ये अनुदान सहायता रू.५ अर्ब ८१ करोड र ऋण सहायता रू. ५० अर्ब १३ करोड रहेको छ। वैदेशिक सहायता प्रतिवद्धतामा अनुदान र ऋणको अंश क्रमशः १०.४ प्रतिशत र ८९.६ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वैदेशिक सहायता रकम रू. ९० अर्ब ५५ करोड रहेको थियो।

११. कुल वैदेशिक सहायता प्रतिवद्धतामध्ये एशियाली विकास बैंक, विश्व बैंक र आई.एफ.ए.डी बाट क्रमशः ३६.३ प्रतिशत, ३३.६ प्रतिशत र २०.८ प्रतिशत प्राप्त भएको छ।

१२. कुल वैदेशिक सहायता प्रतिवद्धतामध्ये सबैभन्दा बढी कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण र उपचार एवम् सोसँग सम्बन्धित पूर्वाधार निर्माणको र सबैभन्दा कम खानेपानी तथा सरसफाई क्षेत्रमा प्राप्त भएको छ।

**तालिका (च): आर्थिक वर्ष २०७८/७९ को पहिलो चार महिनाको क्षेत्रगत विकास सहायता प्रतिवद्धताको अवस्था (रू. करोडमा)**

| क्षेत्र | अनुदान | ऋण | कुल | प्रतिशतमा |
|---|---|---|---|---|
| **शिक्षा** | १८७.६२ | १२९२.९५ | १४८०.५७ | २६.५ |
| **खानेपानी तथा सरसफाई** | ५९.६६ | ०.०० | ५९.६६ | १.१ |
| **कृषि** | ०.०० | ११६२.२७ | ११६२.२७ | २०.८ |
| **कोभिड** | ०.०० | १९६९.७७ | १९६९.७७ | ३५.२ |
| **स्वास्थ्य** | ०.०० | ५८७.९५ | ५८७.९५ | १०.५ |
| **वन तथा वातावरण** | ३३३.९४ | ०.०० | ३३३.९४ | ६.० |
| **कुल** | **५८१.२१** | **५०१२.९४** | **५५९४.१५** | **१००** |

स्रोतः अर्थ मन्त्रालय।

१३. आर्थिक वर्ष २०७८/७९ को कात्तिक महिनासम्म वैदेशिक सहायता प्राप्त भएको छैन।

## वित्तीय क्षेत्र

१४. आर्थिक वर्ष २०७८/७९ को कात्तिक महिनासम्म वार्षिक विन्दुगत आधारमा कुल निक्षेप र निजी क्षेत्रतर्फ प्रवाहित कर्जा क्रमशः १.३ प्रतिशत र ३१.१ प्रतिशतले वृद्धि भएको छ।

**तालिका (छ): पछिल्लो तीन आर्थिक वर्षको पहिलो चार महिनाका वित्तीय परिसूचकहरू**

| वित्तीय सूचक | २०७६ | २०७७ | २०७८ |
|---|---|---|---|
| **कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा** | | | |
| कुल निक्षेप | ९९.४४ | १०९.३० | ११२.६१ |
| कुल कर्जा | ८८.२१ | ९१.४६ | १०६.७९ |
| **कुल कर्जा लगानीको प्रतिशतमा** | | | |
| निष्कृय कर्जा | १.७४ | १.७३ | १.३७ |
| विपन्न क्षेत्र कर्जा | ६.७२ | ६.७८ | ८.३९ |
| **वित्तीय पहुँचका परिसूचकहरू** | | | |
| बैङ्क तथा वित्तीय संस्था (सङ्ख्या) | १६७ | १४६ | १२९ |
| बैङ्क तथा वित्तीय संस्थाका शाखा सञ्जाल (सङ्ख्या) | ९२२३ | ९९३७ | ११९२७ |
| वाणिज्य बैङ्कको उपस्थिति भएका स्थानीय तह | ७४१ | ७४८ | ७५० |
| कुल निक्षेप खाता (सङ्ख्या लाखमा) | २९२.७ | ३३५.३ | ३९४.१ |
| कुल कर्जा खाता (सङ्ख्या लाखमा) | १४.६ | १५.६ | १७.६ |
| एटिएम बुथ (सङ्ख्या) | ३५२० | ४१९१ | ४,३७७ |
| **भारित औसत ब्याजदर** | | | |
| निक्षेप | ६.८१ | ५.३१ | ५.८० |
| कर्जा | १२.०२ | ९.५२ | ९.०२ |

स्रोतः नेपाल राष्ट्र बैंक।

१५. २०७८ कात्तिक मसान्तमा कुल लगानीमा निष्कृय कर्जाको अनुपात १.३७ प्रतिशत र विपन्न क्षेत्र तर्फ प्रवाहित कर्जा अनुपात ८.३९ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो अनुपात क्रमशः १.७३ प्रतिशत र ६.७८ प्रतिशत रहेको थियो।

१६. २०७८ कात्तिकसम्म ७५० स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुगेको छ। २०७७ कात्तिकसम्ममा ७४८ स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुगेको थियो।

१७. २०७७ कात्तिक मसान्तसम्म बैंक तथा वित्तीय संस्थाको सङ्ख्या १४६ रहेकोमा गाभिने प्रकृया मार्फत् २०७८ कात्तिकमसान्तमा वित्तीय संस्थामा कमी आई १२९ कायम भएको छ। २०७७ कात्तिक मसान्तसम्म बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या ९,९३७ रहेकोमा २०७८ कात्तिक मसान्तमा शाखा सङ्ख्या ११,१२७ पुगेको छ।

१८. यस अवधिमा निक्षेप र कर्जाको भारित औसत ब्याजदर क्रमशः ५.८० प्रतिशत र ९.०२ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त ब्याजदर क्रमश ५.३१ प्रतिशत र ९.५२ प्रतिशत रहेको थियो।

## बीमा क्षेत्र

१९. चालु आर्थिक वर्षको कात्तिक महिनासम्म जारी भएको कुल बीमालेख सङ्ख्यामा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २२.९ प्रतिशतले वृद्धि भई १ करोड ५ लाख ३२ हजार ७ सय ३० पुगेको छ। जसमध्ये जीवन बीमालेख (वैदेशिक रोजगार बीमालेख सहित) र निर्जीवन बीमालेखको हिस्सा क्रमशः ९०.६ प्रतिशत र ९.४ प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा उक्त हिस्सा क्रमशः ९१.५ प्रतिशत र ८.५ प्रतिशत रहेको थियो। चालु आर्थिक वर्षको कात्तिक महिनासम्म वैदेशिक रोजगार बीमालेख सङ्ख्यामा २१.७ प्रतिशतले कमी आएको छ।

२०. यस अवधिमा सङ्कलन भएको बीमा प्रिमियम रकम गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २४.१ प्रतिशतले वृद्धि भई रू. ६० अर्ब ९१ करोड पुगेको छ। गत आर्थिक वर्षमा उक्त रकम रू. ४९ अर्ब १० करोड रहेको थियो।


२१. यस अवधिको बीमा प्रिमियम रकममा जीवन बीमा र निर्जिवन बीमा तर्फको हिस्सा क्रमशः ७९.३ प्रतिशत र २०.७ प्रतिशत रहेको छ। गत वर्षको कात्तिक महिनासम्म उक्त हिस्सा क्रमशः ७९.९ प्रतिशत र २०.१ प्रतिशत रहेको थियो।

२२. चालु आर्थिक वर्षको कात्तिक महिनासम्म जारी भएको वैदेशिक रोजगार बीमालेख समेत समावेश गर्दा बीमाको दायरामा आएको जनसङ्ख्या २९.८ प्रतिशत पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त जनसङ्ख्या २४.८ प्रतिशत रहेको थियो।

## पुँजी बजार

२३. २०७७ कात्तिक मसान्तमा १७१८.५० विन्दुमा रहेको नेप्से सूचकांक २०७८ कात्तिक मसान्तमा २७८४.५८ विन्दु कायम भएको छ। यस अवधिमा वार्षिक विन्दुगत आधारमा बजार पुँजीकरण ७०.० प्रतिशतले वृद्धि भई रू. ३९ खर्ब १६ अर्ब ४५ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो रकम रू. २३ खर्ब ४ अर्ब ४ करोड रहेको थियो।


**चार्ट (ग): पछिल्लो ५ आर्थिक वर्षको कात्तिक मसान्तको नेप्से सूचकाङ्क**




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड।

२४. २०७८ कात्तिक महिनाको १ गते २५८८.०७ विन्दुमा रहेको नेप्से सूचकाङ्क कात्तिक ११ गते २८४८.८४ विन्दु पुगेको थियो भने महिनाको अन्तिम दिन कात्तिक ३० गते २७८४.५८ विन्दु कायम भएको छ।

चार्ट (घ): २०७८ कात्तिक महिनाको नेप्से सूचकाङ्क




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड।

## समग्र मूल्य स्थिति

२५. २०७८ कात्तिक मसान्तमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फिति ५.३२ प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ४.०५ प्रतिशत रहेको थियो।

२६. समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ४.७९ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति ५.७३ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा उक्त समूहको मुद्रास्फीति क्रमशः ५.७३ प्रतिशत र २.७५ प्रतिशत रहेको थियो।

## बाह्य क्षेत्र

### वस्तु निर्यात

२७. आर्थिक वर्ष २०७८/७९ को पहिलो चार महिनामा कुल वस्तु निर्यात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १०४.३ प्रतिशतको उच्च वृद्धि भई रू. ८२ अर्ब १२ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निर्यात रू. ४० अर्ब २० करोड रहेको थियो। यस अवधिमा प्रशोधित पाम तेल, सूर्यमुखीको प्रशोधित तेल र भटमासको प्रशोधित तेलको निर्यात उल्लेख्य वृद्धि भएको छ। जुटका बुनिएका कपडा, सेन्थेटिक यार्न, फलफूलको जूस लगायतका वस्तुको निर्यातमा समेत उच्च वृद्धि भएको छ। यस अवधिमा अलैंचीको निर्यात भने २१.१ प्रतिशतले घटेको छ।

२८. यस अवधिको निर्यातमा उनी गलैंचा र तयारी कपडाको निर्यात परिमाणमा क्रमशः २९.४ प्रतिशत र १६.१ प्रतिशतले कमी आएको भए तापनि निर्यात मूल्यमा भने क्रमशः १६.३ प्रतिशत र २५.७ प्रतिशतले बृद्धि भएको छ।

तालिका (ज): पछिल्लो दुई आर्थिक वर्षको कात्तिक महिनासम्म निर्यात भएका प्रमुख १० वस्तुहरूको तुलनात्मक स्थिति (मूल्य रू. करोडमा)

| वस्तु | २०७७/७८ | २०७८/७९ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| भटमासको तेल प्रशोधित | १०२६.३५ | २६४०.११ | १५७.२ |
| प्रशोधित पाम तेल | ०.०४ | १९०२.३१ | - |
| सेन्थेटिक यार्न | २५४.७३ | ३८९.०८ | ५२.७ |
| उनी गलैंचा कार्पेट | २६०.७७ | ३०३.२ | १६.३ |
| तयारी कपडा | २०८.४८ | २६२.०४ | २५.७ |
| जुटका बुनिएका कपडा | १२७.५७ | २४७.९६ | ९४.४ |
| सुर्यमुखिको प्रशोधित तेल | २३.७९ | २०३.७९ | ७५६.६ |
| जमोठ कपडा | १६५.१५ | १९८.७७ | २०.४ |
| फलफुलको जुस | १३३.९ | १८७.४८ | ४०.० |
| अलैची | २०३.४५ | १६०.६१ | -२१.१ |
| अन्य | १६१५.७६ | १७१७.०१ | ६.३ |
| जम्मा | ४,०१९.९९ | ८,२१२.३६ | १०४.३ |

स्रोतः भन्सार विभाग।

२९. यस अवधिको कुल निर्यातमध्ये भारत, चीन र अन्य देशहरूतर्फ भएको निर्यातको अंश क्रमशः ८१.५ प्रतिशत, ०.४ प्रतिशत र १८.१ प्रतिशत रहेको छ। गत वर्ष यस्तो निर्यात क्रमशः ६९.३ प्रतिशत, ०.७ प्रतिशत र ३०.० प्रतिशत रहेको थियो।

३०. यस अवधिमा भारत र चीन तर्फ भएको निर्यात क्रमशः १४०.२ प्रतिशत र ७.३ प्रतिशतले वृद्धि भएको छ।

## वस्तु आयात

३१. चालु आर्थिक वर्ष २०७८/७९ को कात्तिक महिनासम्म कुल वस्तु आयात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ६१.६ प्रतिशतले वृद्धि भई रू. ६ खर्ब ५० अर्ब २९ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु आयात रू. ४ खर्ब २ अर्ब ४९ करोड रहेको थियो।

३२. चालु आर्थिक वर्षको कात्तिक महिनासम्म गत आर्थिक वर्षको सोही अवधिको तुलनामा कच्चा पाम तेल, चाँदी, सुन, भटमासको कच्चा तेल, पेट्रोल लगायतका वस्तुको आयात उच्च दरले बढेको छ।

३३. यस अवधिमा एम.एस. विलेटको आयात परिमाणमा कमी आए तापनि निर्यात मूल्यमा भने ३२.४ प्रतिशतले वृद्धि भएको छ।

३४. यस अवधिको कुल आयातमध्ये भारत, चीन र अन्य देशहरूतर्फको आयातको अंश क्रमशः ५९.४ प्रतिशत, १४.५ प्रतिशत र २६.१ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा यस्तो अनुपात क्रमशः ६५.६ प्रतिशत, १४.९ प्रतिशत र १९.५ प्रतिशत रहेको थियो।

३५. यस अवधिमा भारत तर्फको आयातमा ४६.१ प्रतिशतले वृद्धि भएको छ भने चीन तर्फको आयातमा ५६.९ प्रतिशतले वृद्धि भएको छ।

तालिका (झ): पछिल्लो दुई आर्थिक वर्षको कात्तिक महिनासम्म आयात भएका प्रमुख १० वस्तुहरूको तुलनात्मक स्थिति (मूल्य रू. करोडमा)


| वस्तु | २०७७/७८ | २०७८/७९ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| डिजेल | १६३८ | ३४३३.२२ | १०९.६ |
| भटमासको तेल कच्चा | ११०६.३२ | २७२२.७२ | १४६.१ |
| मोवाइल टेलिफोन | १४१५.७५ | २०३५.८६ | ४३.८ |
| कच्चा पाम तेल | १६६.५६ | १९१७.५७ | १०५१.३ |
| पेट्रोल | ७६७.९३ | १८६६.६६ | १४३.१ |
| एम.एस.विलेट | १३३४.४५ | १७६६.४६ | ३२.४ |
| एल पि ग्यास | ८३६.१५ | १७४३.२३ | १०८.५ |
| सुन | ३६८.०८ | १५०३.७१ | ३०८.५ |
| चाँदी | १३२.०३ | १४२८.७४ | ९८२.१ |
| तयारी कपडा | १०११.१७ | १४०६.१८ | ३९.१ |
| अन्य | ३१४७२.४८ | ४५२०४.८७ | ४३.६ |
| **जम्मा** | **४०,२४८.९२** | **६५,०२९.२२** | **६१.६** |

स्रोतः भन्सार विभाग।

## व्यापार सन्तुलन

३६. आर्थिक वर्ष २०७८/८९ को कात्तिक महिनासम्म वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ५६.८ प्रतिशतले वृद्धि भई रू. ५ खर्ब ६८ अर्ब १७ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो वस्तु व्यापार घाटा रू. ३ खर्ब ६२ अर्ब २९ करोड थियो।


तालिका (ङ):पछिल्लो ५ आर्थिक वर्षको कात्तिक महिनासम्मको वस्तु व्यापार घाटाको स्थिति (रू. अर्बमा)




स्रोतः भन्सार विभाग।

३७. विगत पाँच आर्थिक वर्षको कात्तिक महिनासम्मको तथ्याङ्क विश्लेषण गर्दा आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ को कात्तिक महिनासम्म वस्तु व्यापार घाटामा केही सुधार भए तापनि अन्य आर्थिक वर्षमा यस्तो घाटा वृद्धि भएको छ। निर्यातको वृद्धिदर आयातको तुलनामा उच्च भए पनि कुल वैदेशिक व्यापारमा आयातको हिस्सा उच्च भएकोले व्यापार घाटा उच्च दरले वृद्धि भएको छ।

चार्ट (च): पछिल्लो ५ वर्षको कात्तिक महिनासम्मको कुल वस्तु व्यापारमा निर्यात र आयातको अंश (प्रतिशतमा)




स्रोतः भन्सार विभाग।

३८. चालु आर्थिक वर्षको कात्तिकसम्म कुल वस्तु व्यापारमा निर्यात र आयातको अंश क्रमशः ११.२ प्रतिशत र ८८.८ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ९.१ प्रतिशत र ९०.९ प्रतिशत रहेको थियो।

## सेवा व्यापार

३९. आर्थिक वर्ष २०७८/७९ को पहिलो चार महिनाको कुल सेवा आय गत वर्षको सोही अवधिको संशोधित सेवा आय रू. २४ अर्ब ३१ करोडको तुलनामा ३३.८ प्रतिशतले वृद्धि भई रू. ३२ अर्ब ५३ करोड पुगेको छ। साथै, यस अवधिमा गत वर्षको सोही अवधिको संशोधित सेवा खर्च रू. ४१ अर्ब ८२ करोडमा ५२.४ प्रतिशतले वृद्धि भई रू. ६३ अर्ब ७२ करोड पुगेको छ।

४०. आर्थिक वर्ष २०७८ को कात्तिक महिनासम्म खुद सेवा आय रू. ३१ अर्ब २० करोडले ऋणात्मक रहेको छ। गत वर्षको सोही अवधिमा खुद सेवा आय रू. १७ अर्ब ५१ करोडले घाटामा रहेको थियो।

## विप्रेषण आप्रवाह र वैदेशिक रोजगार

४१. आर्थिक वर्ष २०७८/७९ को कात्तिक महिनासम्म विप्रेषण आप्रवाह गत आर्थिक वर्षको सोही अवधिको रू. ३ खर्ब ३७ अर्ब ८२ करोडको तुलनामा ७.५ प्रतिशतले कमी आई रू. ३ खर्ब १२ अर्ब ४२ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो आप्रवाह ११.२ प्रतिशतले वृद्धि भएको थियो।

४२. चालु आर्थिक वर्षको कात्तिक महिनासम्म अन्तिम श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका नेपाली कामदारको सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा उल्लेख्य वृद्धि भई ९६ हजार ३ सय ८२ पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त सङ्ख्या ९५.७ प्रतिशतले कमी आई ३ हजार ४ सय ६३ रहेको थियो। यस अवधिमा पुनः श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका नेपाली कामदारको सङ्ख्यामा समेत उल्लेख्य वृद्धि भई ५९ हजार ७ सय २३ पुगेको छ।

## चालु खाता एवम् शोधनान्तर स्थिति

४३. आर्थिक वर्ष २०७८/७९ को कात्तिक महिनासम्ममा शोधनान्तर स्थिति रू. १ खर्ब ५० अर्ब ३८ करोडले घाटामा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रू. १ खर्ब १० अर्ब ६५ करोडले बचतमा रहेको थियो। त्यसैगरी यस अवधिमा चालु खाता रू. २ खर्ब २३ अर्ब १९ करोडले घाटामा रहेको छ। गत वर्षको सोही अवधिमा चालु खाता रू. १९ अर्ब १ करोडले बचतमा रहेको थियो।

## विदेशी विनिमय सञ्चिति

४४. आर्थिक वर्ष २०७८/७९ को कात्तिक महिनासम्म विदेशी विनिमय सञ्चितिमा गत वर्षको सोही अवधिको रू. १५ खर्ब ६ अर्ब ६ करोडको तुलनामा १७.३ प्रतिशतले संकुचन आई रू १२ खर्ब ४४ अर्ब ८५ करोड कायम भएको छ।

४५. आर्थिक वर्ष २०७८/७९ को कात्तिक महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिले ७.९ महिनाको वस्तु आयात र ७.२ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहने देखिन्छ।

## विनिमय दर


४६. २०७८ असार मसान्तको तुलनामा २०७८ कात्तिक मसान्तमा अमेरिकी डलरसँग नेपाली रूपैयाँ ०.१३ प्रतिशतले अधिमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रू. ११८.८८ पुगेको छ। २०७८ असार मसान्तमा उक्त विनिमय दर रू. ११९.०४ रहेको थियो ।

## अन्य आर्थिक गतिविधि

### कम्पनी दर्ता

४७. आर्थिक वर्ष २०७७/७८ को कात्तिक महिनासम्म दर्ता भएका कम्पनीको संख्या ९, ४९० रहेकोमा चालु आर्थिक वर्षको कात्तिक मसान्तमा यस्तो सङ्ख्या ३१.५ प्रतिशतले वृद्धि भई १२, ४८२ पुगेको छ।

**चार्ट (छ): पछिल्लो ५ आर्थिक वर्षको पहिलो चार महिनाको कम्पनी दर्ताको प्रवृत्ति (संख्यामा)**




स्रोतः कम्पनी रजिष्ट्रारको कार्यालय।

### पर्यटक आगमन

४८. सन् २०२१ को जनवरी देखि नोभेम्बर महिनासम्म नेपाल आउने पर्यटकको सङ्ख्या ४४.१ प्रतिशतले कमी आई १ लाख २६ हजार २ सय ८३ रहेको छ। गत वर्षमा यस्तो सङ्ख्या २ लाख २५ हजार ८ सय ४० रहेको थियो। यस अवधिमा कुल पर्यटक आगमनमा कमी आएको देखिए तापनि अप्रिल देखि यताका महिनामा गत आर्थिक वर्षको तुलनामा पर्यटक आगमनमा उल्लेख्य वृद्धि भएको छ।

४९. सन् २०२१ को अक्टोवर महिनासम्म पर्यटन क्षेत्रबाट प्राप्त भएको आयमा २२३.५ प्रतिशतले वृद्धि भई रू ६ अर्ब ११ करोड पुगेको छ। गत आर्थिक वर्षमा यस्तो आय ९३.० प्रतिशतले कमी आई रू. १ अर्ब ८९ करोड प्राप्त भएको थियो।

## अन्य गतिविधिहरू

५०. सार्वजनिक खरिद ऐन २०६३ मा समसायिक संशोधनको आधार निर्माण गर्न मिति २०७८ कात्तिक २ गते अर्थमन्त्रालयमा छलफल आयोजना गरिएको छ। सार्वजनिक खरिद ऐन २०६३ मा समसायिक संशोधनको आधार निर्माण गर्ने गरी सार्वजनिक खरिद नियमावली संशोधनको मस्यौदा तयार गर्न सार्वजनिक खरिद अनुगमन कार्यालयका सचिवको संयोजकत्वमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रलय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सहरी विकास मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय लगायतका प्रतिनिधिहरू सदस्य रहने एक कार्यदल गठन गरिएको छ।

५१. विश्व व्यापार संगठनको १२ औं मन्त्रीस्तरीय सम्मेलनको तयारीका लागि अति कम विकसित देशहरूको मन्त्रीस्तरीय बैठकलाई मिति २०७८ कात्तिक ३ गते भर्चुअल सम्बोधन गर्नुभयो। सो अवसरमा अर्थमन्त्री शर्माले विकासशील मुलुकमा स्तरोन्नति हुने नेपालको प्रयासमा कोभिड-१९ ले अकल्पनीय असर गरेको बताउनु भयो।

५२. नेपाल धितोपत्र बोर्डको रिक्त अध्यक्ष पदको नियुक्तिका लागि सिफारिस गर्न मिति २०७८/०७/०७ को निर्णयानुसार राष्ट्रिय योजना आयोगको सम्वन्धित क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा समिति गठन गरिएको छ।

५३. माननीय अर्थमन्त्री जनार्दन शर्माले मिति २०७८ कात्तिक ८ गते फ्रान्सका राजदूत महामहिम गिल्स बोर्बाओसँग अर्थ मन्त्रालयमा शिष्टाचार भेटवार्ता गर्नुभयो। उक्त अवसरमा माननीय अर्थमन्त्रीले नेपालमा कृषि, पर्यटन र जलविद्युतको क्षेत्रमा लगानी गर्न राजदूतमार्फत फ्रान्सका लगानीकर्तालाई आग्रह गर्नु भयो।

५४. माननीय अर्थमन्त्री जनार्दन शर्माले मिति २०७८ कात्तिक ११ गते विश्व बैंकका प्रतिनिधिहरूसँगको भर्चुअल बैठकलाई सम्बोधन गर्नुभयो। उहाँले जलवायु परिवर्तनको असर न्यूनिकरण गर्न स्थापना गरिएका विभिन्न कोषमा नेपालको पहुँच कम भएको भन्दै अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराउनु भयो। साथै, जलवायु परिवर्तनबाट अति प्रभावित विकासशील मुलुकहरूले वार्षिक क्षतिपूर्ति वापत पाउनुपर्ने सम्बन्धी कोपनहेगन निर्णय समेत लागू हुन नसकेको बताउनु भयो।

५५. मिति २०७८ कात्तिक १५ गते नेपाल सरकारको लगानी रहेको र हाल बन्द भएका केही सार्वजनिक संस्थानहरूको पुनर्स्थापना तथा सञ्चालन सम्बन्धमा छलफल कार्यक्रम सम्पन्न भयो। रूग्ण र बन्द अवस्थामा रहेका उद्योग तथा सार्वजनिक संस्थान सञ्चालनका विधि सम्बन्धमा अध्ययन गरी कार्ययोजना सहित सुझाव पेश गर्न समिति गठन गरिएको छ।

५६. माननीय अर्थमन्त्री जनार्दन शर्माले २०७८ कात्तिक २२ गते तातोपानी नाकाको निरिक्षण गर्नुभयो। सो क्रममा माननीय अर्थमन्त्रीले तातोपानी नाकाको सडक स्तरोन्नतिका लागि चीनसँग समन्वय गरेर अघि बढ्नुपर्ने बताउनु भयो। साथै, उहाँले तातोपानी नाकाको पूर्वाधार विकासका लागि लगानी गर्न ठोस योजना बनाउन अर्थ सचिव र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिवलाई निर्देशन समेत दिनुभयो।

५७. मिति २०७८ कात्तिक २७ गते माननीय अर्थमन्त्री जनार्दन शर्माले राष्ट्रिय गौरवको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निरीक्षण गर्नुभयो। उक्त अवसरमा तोकिएकै समयभित्र विमानस्थल निर्माणको कार्य सक्न सरोकारवाला निकायलाई निर्देशन दिनुभयो। साथै, यसका लागि सरकारको तर्फबाट आवश्यक सहयोग रहने कुरा व्यक्त गर्नुभयो।